

# १ हिब्रू अर्थात यहूदी येशूभक्तहरू र हाम्रो निम्ति लेखिएको पत्र

*<u>यस अध्यायका मूल पदहरू:</u>* **हिब्रू २:३, हिब्रू ४:१; १ पत्रुस ४:१४,१६; हिब्रू १३:१-९,१३; १ राजा १९:१-१८; हिब्रू ३:१२-१४; गन्ती १३।**

*<u>यस अध्यायको मूल सार पद:</u>* **"तिमीहरू स्थिर रहनु आवश्यक छ ताकि तिमीहरूले परमेश्‍वरको इच्छा पूरा गरेपछि प्रतिज्ञा गरिएको प्रतिफल प्राप्त गरोस्" (हिब्रू १०:३६ रूपान्तरित नयाँ किङ्ग्स् जेम्स भर्जनबाट)।**

येशू वा उहाँका चेलाहरूमध्येबाट एक जनाले सुसमाचार प्रचार गरेको सुन्दा कस्तो हुने होला, के तपाईंले कहिल्यै कल्पना गर्नुभएको छ? हामीसँग तिनीहरूका लिखित प्रवचनहरू र सारांशका केही भागहरू सुरक्षित छन्। तर ती सबै सामग्रीहरू तिनीहरूले सुनाएका विचार र चिन्तन**हरूको केवल** सिमित **लेखहरू हुन्।** तिनीहरूकै मुखबाट ती विचार र चिन्तनहरू सुन्न पाएको भए कस्तो हुने होला? परमेश्‍वरले हामीलाई धेरै माया गरेर कमसेकम एउटा पूर्ण प्रवचन हाम्रो प्रयोजनको निम्ति सुरक्षित राख्नुभएको छः त्यो हो, हिब्रूहरूको निम्ति पावलको पत्र।

(यस पत्रको लेखक पावल हो भनेर परम्परागत बाइबलको विद्धानहरूले ठोकुवा गरेकाछन्, तर अरू पत्रहरूमा जस्तै यसमा पावलले आफ्नो नाउँ समावेश गरिएको छैन। तर पावलको शैली, बिचार, सिद्धान्तसँग सतप्रतिसत मेल खाने भएकोले यस पत्रको लेखक पावल नै हुनु भनेर यस अध्ययन पुस्तको लेखकले उल्लेख गरेका छन्-अनुवादक)। आफ्ना वचनहरू येशूलाई विश्‍वास गर्नेहरूको निम्ति उपदेश वा अर्तीहरू हुन् भनेर पावलले लेख्दछन् (हिब्रू १३:२२)। इसाईहरूको बीचमा (१ तिमोथी ४:१३) र

यहूदीहरूको सभाघर सिनिगगमा (प्रेरित १३:१५) पावलले प्रवचन दिँदा उनले यही कथन व्यक्त गरेका थिए, अर्थात् आफ्ना वचनहरू अर्तीहरूको निम्ति हुन्। त्यसकारण इसाईहरूको निम्ति हामीमा भएको सबभन्दा पहिलो पूरा प्रवचन हिब्रूको पुस्तक नै हो भनेर बाइबलीय विद्वानहरूले तर्क गर्दछन्। येशूलाई विश्वास गरेर अनेकौं कठिन र समस्या भोगिरहेका विश्वासीहरूलाई सम्बोधन गरेर लेखिएको हिब्रूको पुस्तक हो। कतिपय येशूभक्तहरूलाई त सार्वजनिक स्थलमै गालीगलौज, अपमान र बेइज्जत गरेर सताइएका थिए वा मारपिट गरेका थिए (हिब्रू १०:३२-३४)। येशूलाई विश्वास गरेपछि कतिपयलाई त आर्थिक समस्याहरूमा परेका थिए (हिब्रू ३:१२,१३) (सायद, तिनीहरूलाई कामबाट निकालिदिएका हुनसक्छन्, काम छोड्न वाध्य पारेका हुनसक्छन् वा येशूभक्त भनेर कसैले काम नदिएको हुनसक्छ-अनुवादक)। अझ कतिपय त येशू आउनुहुन्छ भनेर पर्खँदा पर्खँदै उहाँ नआउभएकोले थाकेर तिनीहरूको विश्वासमै प्रश्न गर्न थालेका थिए (हिब्रू ३:१२,१३)। के हामीमध्ये त्यस परिवेशमा कोही छैनौं र?

तर प्रेरितले दिमागै हल्लाउने, खलबलाउने प्रवचन प्रस्तुत गरेर तिनीहरूमा भएको येशूप्रतिको विश्वासलाई उहाँतिर आँखाहरू लगाएर थामी राख भनेर हिब्रूका त्यसबेलाका पाठकहरूलाई (र अहिले हामीलाई पनि) चुनौती दिन्छन्। येशू झन पवित्र मन्दिरमा हाम्रो निम्ति बिन्ति गरिरहनुभएको परिप्रेक्ष्यमा लेखकको उपदेश सान्दर्भिक र समयसापेक्षित नै मान्नुपर्दछ।

## १. गौरवशाली तथा भव्य सुरुवात

हिब्रूको पुस्तकमा लेखिएको प्रवचन हामीले बुझ्नु र त्यसलाई प्रयोगमा ल्याउनु जरुरी छ। तर त्यस पुस्तक कुन सन्दर्भमा, कुन विश्वासीहरूलाई र कुन परिस्थितिमा लेखिएको थियो सो बुझ्नु जरुरी छ। अर्थात् हिब्रूको पुस्तकको ऐतिहासिक पृष्ठभूमि हामीले थाहा पाउन सके हाम्रो निम्ति अर्थमूलक हुन्छ र व्यवहारमा लागु गराउन आत्मसात् गर्न सक्छौं।

**हिब्रू २:३, ४ पढ्नुहोस्। जब हिब्रू वा यहूदीहरू येशूलाई विश्वास गर्न पुगे तब तिनीहरूको पहिलो अनुभव कस्तो थियो? हेर्नुहोस्, "३ तब हामीले यति महान् मुक्तिको वास्ता राखेनौं भने हामी कसरी उम्कौंला? यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र उहाँको वचन सुन्नेहरूद्वारा हाम्रा निम्ति पक्का साबित गरियो। ४ परमेश्वरले पनि चिन्हहरू, अचम्मका**

**कामहरू, विभिन्न आश्चर्यकर्महरू र उहाँको आफ्नो इच्छाबमोजिम बाँड़िएका पवित्र आत्माका वरदानहरूद्वारा यस कुराको गवाही दिनुभयो।"**

यस पुस्तकका पाठकहरूले व्यक्तिगतरूपमा येशूकै मुखारबाट मुक्तिको सन्देश सुनेका थिएनन् भन्ने आभास् दिन्छ। तर तिनीहरूले सुसमाचार अरू प्रचारकहरूतर्फबाटै सुनेका थिए। तिनीहरूलाई घोषणा गरिएको समाचार मुक्तिको बारेमा थियो।

सुसमाचार प्रचारकहरूले तिनीहरूलाई दिएको सन्देश सत्य सावित भएको र परमेश्वर आफैले विभिन्न चिन्ह र अचम्मका कामहरू गर्नुभएर त्यस सन्देशलाई अनुमोदन गर्नुभएको थियो भनेर पावलले जिकिर गर्दछन्। त्यसको अर्थ विभिन्न चिन्ह र शक्तिशाली अचम्मका कामहरूद्वारा सुसमाचारलाई व्यक्तिगतरूपमै अनुभव गर्न र त्यसलाई सत्य साबित गर्न परमेश्वरले विभिन्न साधनहरू प्रयोग गर्नुभएको थियो। ती साधनहरूमा तिनीहरूलाई दिइएको पवित्र आत्माका बरदानहरू पनि थिए अर्थात् विभिन्न विश्वासीहरूलाई तिनीहरूको क्षमता अनुसार पवित्र आत्माका बरदानहरू बाँडफाँड गरिएका थिए। नयाँ ठाउँहरूमा सुसमाचार सुनाउने क्रममा प्रायजसो अचम्म तरिकाले बिरामीहरू निको हुने, दुष्ट आत्माहरूलाई धपिने र आत्मिक बरदानहरू खनिने जस्ता प्रक्रियाहरूले साथ दिन्थ्यो।

परमेश्वरले यरुशलेममा प्रेरितहरूलाई पवित्र आत्मा खन्याउनु भएको सुरुको इसाई चर्चको इतिहासले बताउँदछ। त्यसबेला ती प्रेरितहरूलाई थाहा नभएको लवजहरूद्वारा विभिन्न देशको यहूदीहरूलाई तिनीहरूको आफ्नै भाषामा ती प्रेरितहरूले सुसमाचार सुनाएका थिए, साथै तिनीहरूले आश्चर्य कामहरू पनि गर्न सक्षम् भएका थिए (प्रेरित २,३)। फिलिपले सामरियामा अचम्मको काम गरे भने (प्रेरित ८), पत्रुसले योप्पा र सिजरियामा गरेका थिए (प्रेरित ९,१०)। पावलले त उनको सेवाकालभरि एशिया र पश्चिमी देश अर्थात् युरोपमा विभिन्न अचम्मका कामहरू गरेर मानिसहरूलाई सुसमाचारतिर आकर्षित गरेका थिए (प्रेरित १३-२८)। ती प्रभावकारी क्रियाकलापहरू प्रयोगात्मक प्रमाणहरू थिए जसले मुक्तिको सन्देशको अनुमोदन गरेको थियो। परमेश्वरको राज्यको स्थापना भएको, मानिसहरू पापको दोषबाट मुक्ति भएको र दुष्ट तथा दुष्ट आत्माका शक्तिहरूबाट मानिसहरू स्वतन्त्र भएको ती आश्चर्य कामहरूले प्रमाणित गरेको थियो (हिब्रू १२:२५-२९)।

सुरुका इसाईहरूलाई तिनीहरूका पापहरू क्षमा दिएका छन् भनेर पवित्र आत्माले विश्वास दिलाएका थिए। त्यसले गर्दा तिनीहरूमाथि न्याय हुने कुरामा तिनीहरू डर मानेका थिएनन्। त्यसको फलस्वरुप तिनीहरूका प्रार्थनाहरू सुरो थिए र तिनीहरू परमेश्वरमाथि भरोसा र विश्वास गरेर अघि बढेका थिए। तिनीहरूको आत्मिक अनुभव आनन्दमय र रमाइलो थियो (प्रेरित २:३७-४७)। जो मानिसहरू दुष्ट आत्माका शक्तिले दास बनिरहेका थिए तिनीहरूलाई पवित्र आत्माले उद्धार गरेका थिए। दुष्ट, पापी, अधर्मी र सैतानको शक्ति भन्दा परमेश्वरको शक्ति सर्वोच्च छ भनेर कसैले पनि विवाद गर्न नसक्ने प्रमाण पवित्र आत्माको शक्तिले देखाएको थियो। येशूलाई विश्वास गर्नेहरूको जीवनमा तत्कालै परमेश्वरको राज्य स्थापना भएको थियो भनेर पवित्र आत्माको विभिन्न क्रियाकलापहरूले देखाएको थियो।

**जब तपाईं येशूतिर फर्किनुभयो तब तपाईंको अनुभव कस्तो थियो? प्रभु येशू ख्रीष्ट तपाईंको मुक्तिदाता र प्रभु हुनुहुन्छ भनेर तपाईंको आस्था र विश्वासले कसरी अनुमोदन गरेको छ? परमेश्वरले तपाईंको जिवनमा पहिलो पल्ट कसरी काम गर्नुभयो र उहाँले तपाईंलाई कसरी उहाँतर्फ फर्काउनुभयो भन्ने रमाइलो आत्मिक अनुभवलाई बराबर याद गर्नु किन असल छ?**

## २. संघर्ष

जब येशूप्रति आस्था राखेर चल्न कुनै व्यक्तिले निर्णय गर्छ भने त्यसले अरू मानिसभन्दा आफू फरक भएको देखाउन आफ्नो जीवनको वरिपरि सिमाना लगाएको हुन्छ। सुरुका इसाईहरू एक दल थियो, तिनीहरू समाजको रहनसहन, संस्कार, रितिथिति भन्दा अलग थिए। तिनीहरूको चिनारी नै तिनीहरूको तत्कालिन समाज भन्दा छुट्टै भएर बसेको देखाएको थियो। तर दुर्भाग्यवस, तिनीहरू समाजबाट अलग हुने बानीले गर्दा त्यो विवादको स्रोत हुनपुग्यो। मानिसहरूले तिनीहरूको समाज र मूल्यमान्यतामाथि नकारात्मक टिकाटिप्पणी गर्न थाले।

**जब यहूदीहरू येशूलाई विश्वास गरे तब अरू मानिसहरूले तिनीहरूप्रति हेर्ने दृष्टिकोण कस्तो हुन पुगेको थियो? हेर्नुहोस् देहायका पदहरूः "हिब्रू १०:३२-३४ "३२ ती अघिका दिनहरूलाई सम्झ, त्यस बेला प्रकाश पाएपछि तिमीहरू कष्टहरूसहित कठोर सङ्घर्षमा स्थिर रहेका थियौ। ३३ कहिले त निन्दा र कष्टहरूले अरूको तमाशा बनाइएका थियौ भने कहिलेचाहिँ**

**त्यस्तै अवस्थामा परेकाहरूसँगसँगै सहभागी भएका थियौ। ३४ कैदीहरूमाथि तिमीहरूले दया देखायौ, आफ्नो सम्पत्ति लुटिंदा पनि हर्षसाथ सह्यौ, किनकि तिमीहरू जान्दथियौ, कि तिमीहरूको आफ्नै अझ उत्तम र सदा रहने सम्पत्ति छ।" र हिब्रू १३ः३ "आफै पनि तिनीहरूसँग कैदमा परेझैं झ्यालखानमा हुनेहरूको ख्याल राख, र आफैले दुःख-भोग गरेझैं अत्याचारमा परेकाहरूलाई पनि सम्झ। किनकि तिमीहरू आफै पनि शरीरमा छौ।"**

हिब्रूका पाठकहरूले शारीरिक पिटाइ, अपमान तथा गालिगलौजको सङ्कष्टमा परेका थिए। तिनीहरूको विरुद्धमा तिनीहरूको बिरोधीहरूले भिंडहरूलाई नै उक्साएर तिनीहरूलाई बारम्बार सास्ती दिएको थियो (उदाहरणमा, प्रेरित १६ः१९-२२, प्रेरित १७ः१-९)। तिनीहरूलाई झ्यालखानमा कोचिएको थियो र तिनीहरूप्रति कठोर भौतिक कार्यवाही येशूका शत्रुहरूले गरेका थिए। कुनै न्याय इन्साफै नगरि जसलाई पायो उसलाई दण्ड दिने र कुट्ने त्यसबेलाका शासक वर्गलाई अधिकार मिलेको थियो। तिनीहरू निर्दोष छन् कि छैन भनेर प्रमाणितनै नगरिकन तिनीहरूलाई शासक वर्गहरूले तिनीहरूलाई कुकुर जस्तै व्यवहार गर्दथे (उदाहरणमा, प्रेरित १६ः२२,२३)।

**हिब्रू ११ः२४-२६ र १ पत्रुस ४ः१४ पढ्नुहोस्। येशूभक्तहरूलाई सतावट गर्ने संसारको संस्कार नै रहेछ भनेर मोशाको अनुभव र १ पत्रुसमा लेखिएको विवरणले हामीलाई बुझाउन प्रयास गर्दछ? हेर्नुहोस्, "२३ मोशा जन्मँदा तिनका आमा-बुबाले तिनलाई सुन्दर देखे, र विश्वासद्वारा तीन महिनासम्म तिनलाई लुकाइराखे, र राजाका हुकुमको तिनीहरूले डरै मानेनन्। २४ जवान भएपछि विश्वासद्वारा मोशाले फारोकी छोरीका छोरा कहलाइन इन्कार गरे। २५ पापको क्षणिक सुख भोग्नुभन्दा बरु परमेश्वरका मानिसहरूसँग थिचोमिचोमा पर्न तिनले रोजे। २६ मिश्रदेशको धन-सम्पत्तिभन्दा ख्रीष्टको निम्ति निन्दित हुन तिनले मूल्यवान् सम्पत्ति ठाने। किनभने तिनले आफ्नो दृष्टि इनामतिर लाएका थिए" (हिब्रू ११ः२३-२६), "१२ प्रिय हो, तिमीहरूलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरूमाथि आइपर्दा केही अनौठो कुरा भएजस्तै तिमीहरू छक्क नपर। १३ तर ख्रीष्टका कष्ट-भोगमा सहभागी हुँदा रमाओ, ताकि उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि आनन्दित र हर्षित हुन सक। १४ यदि ख्रीष्टको नाउँमा तिमीहरू निन्दित भयौ भने तिमीहरू धन्यका हौ। किनभने महिमाका र परमेश्वरका आत्मा तिमीहरूमाथि रहनुहुन्छ। १५ तर तिमीहरूमध्ये कसैले पनि हत्यारा, वा चोर, वा खराबी**

**गर्ने, वा अर्काको कुरामा हात हाल्नेले झैं दुःख नभोग। १६ तर कसैले ख्रीष्टियान भएको कारण दुःख भोग्दछ भनेता उसले लाज नमानोस, तर त्यही नाउँमा उसले परमेश्वरलाई महिमा देओस्" (१ पत्रुस ४:१२-१६)।**

"येशूको कष्टमा सहभागी हुनु वा उहाँले पाएको कष्ट भोग्नु"को अर्थ आफूलाई येशूको पहिचानमा उभ्याउनु हो। येशूले सहनुपरेको अपमान, कष्ट, दुर्व्यवहार, बेइज्जत र लाज येशूभक्तहरूले भोग्नुपर्दा तिनीहरू उहाँसँग सहभागी भएको महसुस गर्नुपर्दछ। येशूलाई विश्वास गर्नेहरूले परमेश्वरको मार्गमा हिँड्ने र उहाँको आदर्श नीति अनुसार चल्ने निर्णय गरेकै कारणको फलस्वरुप तिनीहरूलाई हेप्ने, तिरस्कार गर्ने, दवाउने र शत्रुवत व्यवहार गर्ने संसारको समाजको नीति नै रहेको छ। तिनीहरूको उचित धार्मिक गतिविधिहरू,जीवनशैली र नैतिक जीवनलाई नबुझ्ने मानिसहरू आफूहरू दोषी भएको देख्ने र लाजमा पर्नेभएकोले नै येशूभक्तहरूप्रति तिनीहरूको रिसको राँको बल्न जाने हुन्छ। प्रथम शताब्दीको मध्यतिरको रोमी इतिहासकार टासिटसले इसाईहरूप्रति यस्तो कथन कोरेका थिए, "इसाईहरू सारा मानव प्राणीलाई घृणा फैलाउनमा दोषी छन्"-अल्फ्रेड जे. चर्च र विलियम जे. ब्रडरिब, अनुवादः *द कम्प्लिट वर्क्स अभ टासिटस,* (न्यु योर्कः मोडर्न, १९४२) आनलस् १५.४४.१ बाट रूपान्तरित। सुरुका येशूभक्तहरूमाथि जे आरोप लगाएतापनि (र अहिले पनि) त्यो झुठो थियो। पावलले सम्बोधन गरेका जस्ता सुरुका इसाईहरूले आफ्नो आस्थाको निम्ति महाकष्ट सहेका थिए। (कतिपय इसाईहरूलाई पशुको छाला ओढाइ दिन्थे, कुकुरहरूबाट लुछाछुड गराइदिन्थे र मारिन्थे, क्रुसमा टाँगिदिन्थे र रातमा बत्ती हुनको निम्ति तिनीहरूलाई जिउँदै जलाएर सडकमा राख्दथे। ती देखेर मानिसहरू अत्यन्तै रमाउँथे-उक्त पुस्तकबाट नै अनुवादकको थप)।

**हो, दुःखकष्ट पाउन इसाई नै हुनुपर्छ भन्ने छैन। कतिपय मानिसहरू पनि अनाहकमा विभिन्न मारमा परेर-राजनैतिक, आर्थिक, शारीरिक, मानसिक कष्ट भोगिरहेका हुन्छन्। तर येशूको निम्ति कष्ट भोग्नु भन्नुको अर्थ के हो? येशूको निम्ति दुःख हामी कति पाउँछौं र हाम्रै निर्णयको खातिर हामी कति दुःख पाउँछौं?**

## ३. बेचैन वा व्याकुलता

जतिसुकै कष्ट, सतावट, हेपाइ, घृणाको पात्र, समाजबाट बहिष्कार जस्ता अनुभवहरूमा गुज्रनुपरेतापनि हिब्रूका पाठकहरूले येशू ख्रीष्टमाथिको समर्पणता र आस्था सफलतापूर्वक थामी राखेका थिए। तर जब इसाई इतिहास बग्दै गयो तब इसाईहरूले पाएका दुःखकष्ट वा संघर्षले तिनीहरूको आस्थामाथि हानी पुऱ्याउन थालेको थियो। तर तिनीहरू असल लडाइँ त लडे र कतिपय विजयी पनि भए तर कतिपय त थाक्न पनि थालेका थिए निरुत्साहित हुन थालेका थिए।

**देहायका पदहरू पढ्नुहोस्। येशूभक्तहरूले के चुनौती तथा समस्याहरूको सामना गरिरहेका थिए? हेर्नुहोस्, "उहाँ (येशू) आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ" (हिब्रू २:१८), "१२ भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढ़ा नलैजाओस्। १३ जबसम्म "आजको दिन" भन्ने कुरा छ, तबसम्म एउटाले अर्कालाई अर्ती देओ, र पापको छलछामले तिमीहरू कसैको हृदय कठोर नहोस्। १४ यदि हामीले हाम्रो सुरुको भरोसालाई अन्त्यसम्मै दृढ़तासाथ थामिराख्यौं भने, हामी ख्रीष्टका सहभागी भएका छौं। १५ धर्मशास्त्रले भन्दछ, "आजै तिमीहरूले उहाँको शब्द सुन्यौ भने विद्रोहका दिनमा जस्तै गरी आफ्नो हृदय कठोर नपार" (हिब्रू ३:१२-१५), "१४ आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं।** ***१५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो।*** **१६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं" (हिब्रू ४:१४-१६), "कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ" (हिब्रू १०:२५), "३** ***पापीहरूबाट उहाँको विरुद्धमा भएका यतिका विवादहरू सहनुहुनेलाई विचार गर, र तिमीहरू शिथिल नहोओ, अनि हरेस नखाओ।***

४ पापको विरुद्धमा तिमीहरूले गरेका सङ्घर्षमा रगत बगाउनुपर्ने अवस्थासम्म तिमीहरू पुगेका छैनौ। ५ के तिमीहरूले अर्तीका ती वचन भुलेका छौ जसले तिमीहरूलाई पुत्रहरू भनी सम्बोधन गरेको छ? "हे मेरो पुत्र, परमप्रभुको ताड़नालाई हलुका नसम्झ,
उहाँबाटको दण्डमा हरेस नखाऊ, ६ किनभने जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ त्यसैलाई ताड़ना दिनुहुन्छ, र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई उहाँले दण्ड दिनुहुन्छ।"

७ ताड़नाको निम्ति नै तिमीहरू कष्ट सहन्छौ। परमेश्वरले तिमीहरूसँग छोरालाई झैं व्यवहार गर्नुहुन्छ। किनकि बाबुले ताड़ना नदिएको कुनचाहिँ छोरा हुन्छ र? ८ तर यदि सबै जना सहभागी भएको त्यो ताड़ना तिमीहरूले पाएका छैनौ भनेता तिमीहरू आफ्ना बाबुका खास छोराहरू होइनौ, तर व्यभिचारमा जन्मेका छोराहरू हौ। ९ यसबाहेक हामीलाई ताड़ना दिने हाम्रा शारीरिक बुबा थिए, र हामीले तिनको आदर गऱ्यौं। के झन् बढ़ी हाम्रा आत्माका पिताको अधीनमा बसेर हामीले जीवन प्राप्त गर्दैनौं र? १० किनकि तिनीहरूले असल ठानेबमोजिम केही दिन हामीलाई ताड़ना दिए। तर हामी उहाँका पवित्रताको सहभागी हुन सकौं भनेर हाम्रो फाइदाको निम्ति उहाँले ताड़ना दिनुहुन्छ। ११ सबै ताड़ना सुरुमा सुखद हुँदैन तर दुःखदायी हुन्छ, तर ताड़नाद्वारा तालीम पाएकाहरूका लागि यसले पछि धार्मिकताको शान्तिपूर्ण फल उत्पन्न गराउँछ। १२ यसकारण लत्रेका हातहरू उठाओ, र दुर्बल घुँड़ाहरू बलिया बनाओ। १३ तिमीहरू हिंड्ने बाटो सोझो बनाओ, ताकि लङ्गड़ो गोडा नखुस्कोस्, तर निको होस्" (हिब्रू १२:३-१३) र "३ आफै पनि तिनीहरूसँग कैदमा परेझैं झ्यालखानमा हुनेहरूको ख्याल राख, र आफैले दुःख-भोग गरेझैं अत्याचारमा परेकाहरूलाई पनि सम्झ। किनकि तिमीहरू आफै पनि शरीरमा छौ। ४ सबैका बीचमा विवाहचाहिँ आदरणीय होस्, वैवाहिक सम्बन्ध नबिटुलिओस्, किनकि दुराचारी र व्यभिचारीहरूको इन्साफ परमेश्वरले गर्नुहुन्छ।

५ तिमीहरूका जीवन रुपियाँपैसाको मोहबाट अलग्ग राख। तिमीहरूसँग भएका कुरामा सन्तुष्ट बस, किनकि उहाँले भन्नुभएको छ, "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैनँ, म तिमीहरूलाई त्याग्नेछैनँ।" ६ यसकारण निर्धक्क भएर हामी भन्दछौं, "प्रभु मेरा सहायक हुनुहुन्छ, म डराउनेछैनँ। मानिसले मलाई के गर्न सक्छ?" ७ आफ्ना अगुवाहरूको

**सम्झना राख, जसले परमेश्वरको वचन तिमीहरूलाई सुनाए। तिनीहरूका जीवनको परिणामलाई ध्यान देओ, र तिनीहरूका विश्वासको अनुकरण गर। ८ येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ। ९ विभिन्न र अनौठा शिक्षाको भ्रममा नपर। किनकि खाने-पिउने कुरा सम्बन्धित विधिद्वारा होइन, तर अनुग्रहद्वारा हृदय सुदृढ भएको असल हो। त्यस्ता विधि पालन गर्नेहरूको उपकार भएको छैन। १० हाम्रो एउटा वेदी छ, जसबाट पवित्र वासस्थानमा सेवा गर्नेहरूलाई खाने अधिकार छैन। ११ प्रधान पूजाहारीले पापबलिको निम्ति जनावरको रगत महापवित्र स्थानमा ल्याउँछन्, तर तिनका शरीरचाहिँ छाउनीबाहिर लगेर जलाइन्छन्। १२ यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरूलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो। १३ यसैकारण हामी पनि छाउनीबाहिर उहाँकहाँ जाऔं, र उहाँले सहनुभएको बेइज्जत हामी पनि सहौं। १४ किनकि हाम्रो यहाँ रहिरहने सहर छैन, तर आउनेचाहिँ सहरको हामी प्रतीक्षा गर्दछौं" (हिब्रू १३ः३-१४)।**

कतिपय मानिसहरू इसाई भएपछि सबै कुराहरू ठिक ठिक हुन्छ, केही धन्दा, फिक्री गर्नुपर्दैन, येशूले हाम्रो स्थिति सहज बनाइ हाल्छ नि भन्ने मनस्थितिमा जाकिन पुगेको हुन्छ तर येशूलाई विश्वास गरेपनि अनेकौं कठिन, बेचैन, ब्याकुलता तथा अभावै अभावहरूको ओइरो र कष्टको अनुभव निरन्तररूपमा अनुभव गरिरहनुपर्ने हुन्छ भनेर हिब्रूको पुस्तकले हामीलाई खुलस्त गरेको छ। येशूलाई विश्वास गरेको कारण कतिपयले गाली, बेइज्जत, सतावट, आतङ्क र सार्वजिकरूपमा छिःछिः दुरदुरको सामना निरन्तररूपमा गरिरहनुपर्ने हुन्छ (हिब्रू १३ः१३)। हिब्रूको पुस्तक लेखेकै समयसम्म पनि कतिपय विश्वासीहरू झ्यालखानामा परिरहेका थिए (हिब्रू १३ः३)। चर्चलाई वा विश्वासीहरू त आर्थिक अभाव र मानसिक पीडाको परिबन्धमा परेका थिए। तिनीहरू थकित र पेलित भएका थिए (हिब्रू १२ः१२,१३) र कतिपय त येशूमाथिको आस्था नै सजिलैसँग गुमाउनुपर्ने अवस्थामा परेका थिए (हिब्रू १२ः३)। जब कोही मानिस वा समाज येशूलाई सुरुमा विश्वास गरेर आत्मिकरूपमा जागृत भएर उत्साहित हुन्छ तर समय बित्दै जाँदा त्यो जागरण सिथिल हुन थाल्दछ। तिनीहरूमा सुरुमा पाएको बिजयीको उत्साहलाई मानसिक र आत्मिक संरचनाले मजबुत पारिरहेन भने तिनीहरू सिथिलमात्र होइन तिनीहरूका शत्रुहरूको आक्रमणको तारो हुन सक्छ। पहिलो पल्ट व्यक्ति वा समाजमा आत्मिक शक्तिले परिचालित भएर बलियो भएको महसुस

हुन्छ र सुरुको सतावत सामना गर्न सुरो हुन्छ, तर जोश र शक्तिलाई निरन्तरता दिन सकिएन भने दोस्रो सतावतलाई थाम्न गाऱ्हो पर्न सक्छ।

**परमेश्वरको बहादुर अगमवक्ता एलियालाई के भयो? हेर्नुहोस्, १ राजा १९:१-४ "१ अब एलियाले गरेका सबै काम र तिनले सबै अगमवक्ताहरूलाई तरवारले मारेको कुरो आहाबले ईजेबेललाई सुनाइदिए। २ यसकारण ईजेबेलले एलियाकहाँ यसो भनेर एउटा समाचारवाहक पठाइन्, "जसरी तैंले उनीहरूको प्राण लिइस्, त्यसरी नै भोलि यही बेलासम्म तेरो प्राण पनि मैले लिइनँ भने, देवताहरूले मलाई त्यस्तै वा त्योभन्दा बढ़ी व्यवहार गरून्।" ३ एलिया डराए, र आफ्नो प्राण बचाउनलाई भागे। जब तिनी यहूदाको बेर्शेबामा पुगे, तब तिनले आफ्नो चाकरलाई त्यहीँ छाड़े, ४ र आफूचाहिँ मरुभूमिमा एक दिनको बाटो गए। तिनी अम्रिसको एउटा झाड़ीमा आइपुगे, र त्यसमुनि बसेर आफ्नो मृत्युको निम्ति प्रार्थना गर्न लागे। तिनले भने, "हे परमप्रभु, मेरो प्राण लिनुहोस्, मैले पूरै भोगिसकें। म त मेरा पिता-पुर्खाहरूभन्दा असल छैनँ!"**

"आस्थाको गौरबशाली सफतालताप्रति एलिया हर्षित भएका थिए र त्यस्तै खालको अनुभव निरन्तररूपमा हुन उनलाई चाप परिरहेको थियो। जुन आत्मिक जागरण र सुधार कार्मेलको पहाडमा उनले सुरु गरे त्यसले निरन्तरता पाउन सक्दैन भन्ने कुरामा उनी चिन्तित भएका थिए। त्यसले गर्दा उनमा उदासिनता आएको थियो। आत्मिकरूपमा उनी पहाडको चुचुरोमा पुगेको थियो अब उनी खाल्डोमा झरेको महसुस गरे। शक्तिशाली परमेश्वरको प्रेरणाले उनी आस्थाको कठिन परिक्षामा सफल भएका थिए; तर रानी यजबेलले दिएको धम्की उनको कानमा पुगेपछि उनी निराश भए। त्यस दुष्ट रानीले एलियालाई नास गर्न खडयन्त्र रचिरहेकी थिइन्। त्यसको फलस्वरूप परमेश्वरमाथिको एलियाको पकड खुस्किएको थियो। सारा जनसमूहले उनलाई ठूलो सम्मान गरेको थियो। त्यसको प्रतिक्रिया उल्लेखनीय थियो। तर जब रानीको धम्की उनले पाए तब उनले परमेश्वरलाई बिर्से र आफ्नो घरबाट सुइकुच्चा ठोकेर भागे। उनी अब नरमाइलो र दिक्कलाग्दो ठाउँमा एक्लै पर्न गएको थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस,* पृ. १६१,१६२बाट रूपान्तरित।

**तपाईंको आस्थाको जीवनमा कतिपय असफल हुनुभयो र तपाईंलाई निराश पार्न कस्ता परिस्थितिहरूले तपाईंलाई घेरेका थिए सो समयलाई**

**सोच्नुहोस्। तपाईंले कस्तो फरक तरिका अपनाएर ती परिस्थितिहरूबाट जोगिन सक्ने हुन सक्थ्यो, सो सोच्नुहोस्।**

## ४. सँगसँगै मिलेर आस्थामा अडान लिँदै अघि बढ्ने

येशूलाई विश्वास गर्ने यहूदीहरू अत्यन्तै डरलाग्दो परिस्थितिमा गुज्रीरहेका थिए। यस संसारमा तिनीहरू अलगिएर अनेकौं समस्याहरूको सामना गरिरहेका थिए। त्यस परिस्थितिमा प्रेरित पावलले आफ्ना पाठकबृन्धहरूलाई के सल्लाह दिएका थिए? त्यस सल्लाहबाट हामी के फाइदा सिक्न सक्छौं? एलियालाई उनको निराशमय परिस्थितिबाट उम्कन परमेश्वरले कसरी सहयोग गर्नुभयो सो हामी केलाएर पढौं।

**१ राजा १९:५-१८ पढ्नुहोस्। आफ्नो सेवकको विश्वासलाई परमेश्वरले कसरी पुनर्स्थापित गर्नु भएको थियो? हेर्नुहोस्, "५ तब तिनी त्यही झाड़ीमुनि ढल्के र भुसुक्कै निदाए। तब झट्टै एउटा स्वर्गदूतले तिनलाई छोएर भने, "उठेर खाऊ।" ६ तिनले यताउता हेरे, र आफ्नो टाउकोनेर ताता भुङ्ग्रामा पोलेको एउटा रोटी र पानीको एउटा सुराही देखे। ती खाएर तिनी फेरि ढल्के। ७ परमप्रभुका स्वर्गदूत फेरि आएर दोस्रो पल्ट तिनलाई छोएर भने, "उठेर खाऊ, किनकि यात्रा तिम्रो लागि साह्रै लामो छ।" ८ यसैले तिनी उठेर खानपान गरे। त्यही भोजनको बल पाएर तिनी चालीस दिन र चालीस रात यात्रा गरेर परमेश्वरको पर्वत होरेबमा पुगे। ९ तिनी त्यहाँ एउटा ओड़ारभित्र पसे र त्यहीं रात बिताए। तब परमप्रभुको यो वचन तिनीकहाँ आयो, "हे एलिया, तिमी यहाँ के गर्दैछौ?" १० तिनले भने, "सर्वशक्तिमान् परमप्रभु परमेश्वरको निम्ति म साह्रै जोशिलो भएको छु। इस्राएलीहरूले तपाईंको करार त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन्, र तपाईंका अगमवक्ताहरूलाई तरवारले मारेका छन्। केवल म मात्रै बाँकी रहेको छु, र अब तिनीहरू मलाई पनि मार्न खोज्दैछन्।" ११ परमप्रभुले भन्नुभयो, "पर्वतमा गएर परमप्रभुको उपस्थितिमा खड़ा हो, किनकि परमप्रभु त्यहाँबाट जान लाग्नुभएको छ।" तब परमप्रभुको अगिअगि एउटा ठूलो र प्रचण्ड बतास पहाड़हरू फुटाउँदै र चट्टानहरू चिर्दैआयो, तर बतासमा परमप्रभु हुनुहुन्नथ्यो। बतासपछि भैंचालो आयो, तर भैंचालोमा परमप्रभु हुनुहुन्नथ्यो। १२ भैंचालोपछि एउटा आगो आयो, तर आगोमा परमप्रभु हुनुहुन्नथियो। अनि आगोपछि एउटा मधुरो कानेखुसी आयो। १३ जब एलियाले त्यो सुने तब**

**तिनले आफ्नो खास्टोले मुख छोपे, र बाहिर गएर ओड़ारको मुखमा उभिए। तब एउटा आवाजले तिनलाई भन्यो, "एलिया, तिमी यहाँ के गर्दैछौ?" १४ तिनले जवाफ दिए, "सर्वशक्तिमान् परमप्रभु परमेश्‍वरको निम्ति म साह्रै जोशिलो भएको छु। इस्राएलीहरूले तपाईंको करारलाई त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन्, र तपाईंका अगमवक्ताहरूलाई तरवारले मारेका छन्। केवल म मात्र बाँकी रहेको छु, र अब तिनीहरू मलाई पनि मार्न खोज्दैछन्।" १५ परमप्रभुले तिनलाई भन्नुभयो, "तिमी जुन बाटोबाट आएका छौ, त्यही बाटो फर्किगएर दमस्कसको मरुभूमिमा जाऊ। जब तिमी त्यहाँ पुग्छौ तब हजाएललाई अरामको राजा अभिषेक गर्। १६ तब निम्शीको छोरो येहूलाई पनि इस्राएलको राजा, र हाबिलमहोलाको शाफातको छोरो एलीशालाई तिमीपछि आउने अगमवक्ता अभिषेक गर्। १७ हजाएलको तरवारबाट उम्कनेलाई येहूले मार्नेछ, र येहूको तरवारबाट उम्कनेलाई एलीशाले मार्नेछ। १८ तापनि सात हजार जनालाई म इस्राएलमा बचाइराख्छु— ती सबै जसले बालको सामुन्ने आफ्ना घुँड़ा टेकेका छैनन् र जसका ओठले त्यसलाई चुम्बन गरेका छैनन्।"**

कारमेलको पहाडमा सारा जनसमुदायको सामु एलियाले प्रार्थना गरेर आकाशबाट आगो बर्षाएर वेदीको बलि र बेदीलाई भष्म पारेका थिए। त्यो उनको जीवनको आत्मिक अनुभवको उच्चत्तम अनुभव थियो। तर रानीको धम्कीदेखि भयभित भएर जङ्गलमा भागेर निराश भएर बसेका र आफूलाई परमेश्‍वरले ज्यान लिउन् भनेर दिक्क मानेर बसेका एलियालाई परमेश्‍वरले कसरी सम्हाल्नुभयो त्यो कथा आकर्षित र मनमोहक छ। आस्थासँग संघर्ष गरिरहेका र निराशको खाल्डोमा डुबिरहेका आफ्ना भक्तलाई परमेश्‍वरले कसरी आफ्ना कोमलता देखाउनुहुन्छ र बुद्धि पुऱ्याउनुभएर सेवा गर्नुहुन्छ भन्ने ज्वलन्त उदाहरण एलियाको घट्ना हो। परमेश्‍वरको हस्तक्षेपले नै एलियाले आफ्नो विश्‍वास फेरि जगाउन सकेका थिए। जङ्गलमा एक्लै भागिरहेका यलियालाई परमेश्‍वरले धेरै थोकहरू गर्नुभएको थियो। पहिलो त उहाँले उनको भौतिक आवश्यकता पूरा गरिदिनुभयो। उहाँले उनलाई खाना उपलब्ध गराउनुभयो। उनको थकाइप्रति संवेदनशील हुनुभएर उनलाई आराम गर्न दिनुभयो। अनि गुफामा हुँदा परमेश्‍वरले मायालु तरिकाले सम्झाउनुभयो: "होइन, ए एलिया तिमी यहाँ के गर्दैछौ?" यस प्रश्‍न आफै पनि गहिरो छ। परमेश्‍वरले कसरी काम गर्नुहुन्छ र उहाँको लक्ष्य कसरी पूरा गर्नुहुन्छ भन्ने

समझको गहिऱ्याइमा एलियालाई पुऱ्याउन त्यस प्रश्न उहाँले सोध्नुभएको थियो। (हामी जहाँ भएतापनि जे गरेतापनि त्यो प्रश्न परमेश्वरले हामीहरूलाई पनि सोधिरहनुहुन्छ भन्ने कुराको आत्मसात् गर्नु जरुरी छ। येशूलाई विश्वास गर्नु व्यक्तिगत मामिला हो, अरूलाई सुनाउन आवश्यक छैन वा आफ्नै घरभित्र, कुटीमा वा गुफामा बस्न रुचाउनेहरूलाई आज पनि परमेश्वरले सोध्नुहुन्छ, "तिमी यहाँ के गरिरहेकाछौ"-अनुवादक)।

जब एलिया पहाडको गुफामा थिए त्यसबेला ठूलो हुरीबतास चल्यो, अनि भूकम्प आएर पहाडै हल्लाइ दियो, अनि सायद चत्याङ्ग परेर होला आगोका ज्वाला एलियाको सामु देखा पऱ्यो। तर ती कुनै पनि प्राकृतिक अद्भुत दृश्यहरूमा परमेश्वर थिएन। तर उहाँ त सानो, मधुरो, सुरिलो, शान्त आवाजमा हुनुहुन्थ्यो। अनि परमेश्वरले एलियालाई काम दिनुभयो र उहाँ उनको साथमा हुनुहुने भनेर उनलाई विश्वस्त पार्नुभयो।

**येशूभक्तहरूले के गर्नुपर्छ भनेर पावलले देहायका पदहरूमा सरसल्लाह दिन्छन्? हेर्नुहोस्, हिब्रू २:१-३ "१ यसकारण जे सुनेका छौं त्यसमाथि हामीले अझ बढ़ी ध्यान दिनुपर्छ, नत्रता हामी त्यसबाट बहकिएर जानेछौं। २ यदि स्वर्गदूतहरूले घोषणा गरेको सन्देश अटल रह्यो भने, र हरेक अपराध र अनाज्ञाकारिताको निम्ति उचित दण्ड दिइयो भने, ३ तब हामीले यति महान् मुक्तिको वास्ता राखेनौं भने हामी कसरी उम्कौंला? यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र उहाँको वचन सुन्नेहरूद्वारा हाम्रा निम्ति पक्का साबित गरियो।", हिब्रू ३:१२-१५ "१२ भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढ़ा नलैजाओस्। १३ जबसम्म "आजको दिन" भन्ने कुरा छ, तबसम्म एउटाले अर्कालाई अर्ती देओ, र पापको छलछामले तिमीहरू कसैको हृदय कठोर नहोस्। १४ यदि हामीले हाम्रो सुरुको भरोसालाई अन्त्यसम्मै दृढ़तासाथ थामिराख्यौं भने, हामी ख्रीष्टका सहभागी भएका छौं। १५ धर्मशास्त्रले भन्दछ, "आजै तिमीहरूले उहाँको शब्द सुन्यौ भने विद्रोहका दिनमा जस्तै गरी आफ्नो हृदय कठोर नपार।", हिब्रू ५:७-६:३ " ७ येशू आफ्नो शारीरिक जीवनमा हुनुहुँदा उहाँलाई मृत्युबाट बचाउन सक्नुहुनेलाई उहाँले बड़ो क्रन्दन र आँसुसहित प्रार्थना चढ़ाउनुभयो, अनि आफ्नो भक्तिपूर्ण समर्पणको कारणले उहाँको प्रार्थना र नम्र निवेदन सुनियो। ८ उहाँ पुत्र हुनुहुन्थ्यो, तापनि आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न**

सिक्नुभयो, ९ र सिद्ध तुल्याइएर उहाँको आज्ञापालन गर्नेहरू सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो। १० मल्कीसेदेकको दर्जाअनुसार प्रधान पूजाहारीको पदमा परमेश्वरद्वारा उहाँ नियुक्त हुनुभयो। ११ यस विषयमा हामीलाई भन्नु त धेरै छ, तर बुझाउनु गाह्रो छ, किनकि तिमीहरूको सुन्ने शक्ति मन्द भएको छ। १२ किनकि यतिको समयसम्म त तिमीहरू शिक्षक भइसक्नुपर्दथियो, तर अझै पनि तिमीहरूलाई कसैले परमेश्वरका वचनको आधारभूत शिक्षाहरू सिकाउनुपरेको छ। तिमीहरूलाई खँदिलो भोजन होइन, तर दूध चाहिन्छ। १३ दूध मात्र खाएर बाँच्ने मानिसचाहिँ धार्मिकताको वचनमा निपुण हुँदैन, किनकि त्यो बालकै हुन्छ। १४ खँदिलो भोजन त परिपक्व मानिसहरूका निम्ति हो। यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्ट्याउन सक्ने भएको हुन्छ।...१ यसकारण ख्रीष्टसम्बन्धी प्राथमिक सिद्धान्तहरूलाई छोड़ेर हामी परिपक्वतातर्फ बढ़ौं। मृत्युतिर लैजाने कर्महरूबाट पश्चात्ताप र परमेश्वरमाथिको विश्वासका कुराको जग फेरि नबसालौं। २ विभिन्न बप्तिस्माहरूसम्बन्धी शिक्षा, हात राख्ने काम, मरेकाहरूको पुनरुत्थान र अनन्त दण्डजस्ता कुराहरूको जग फेरि नबसालौं। ३ यदि परमेश्वरको अनुमति भयो भने हामी यसै गर्नेछौं।" र हिब्रू १०:१९-२५ "१९ यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। २० हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं। २१ परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले, २२ हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं। २३ हामीले दृढ़ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्लिोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ। २४ हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं। २५ कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ।"

सुरुमा जोश, जाँगर र उत्साहित भएर येशूमाथि विश्वास राखेर हिब्रूका पाठकहरू बलबान हुनगएका थिए। ती तत्वहरूलाई जगाइनै राख्न प्रेरित

पावलले धेरै उपदेश, निर्देशन र अर्तीहरू दिएको हिब्रूको पुस्तकभरी पाइन्छ। पावलले दिएका निर्देशनहरूमा आफ्ना सहविश्वासीहरूको भौतिक आवश्यकतामा हेरबिचार गर्नु भनेर उनले जोरदार अपिल गर्दछन्। अतिथी सत्कार गर्ने बानी बसाल्नुपर्दछ र झ्यालखानामा परेकाहरूलाई भेट्ने र तिनीहरूको आवश्यकतालाई सहयोग गर्नु पर्छ भनेर उनले सल्लाह दिन्छन्। परमेश्वरले तिनीहरूलाई त्याग्नुहुन्न (हिब्रू १३:१-४) भन्ने कुरामा विश्वस्त पारेर प्रेरितले आफ्ना पाठकहरूलाई उदार हुन अर्ती दिन्छन्। विस्तारै बिस्तारै येशूमाथिको आस्थाबाट चिप्लेर नजानु (हिब्रू २:१)मा उनले तिनीहरूलाई सजग गराउँछन्। अविश्वास वा परमेश्वरमाथिको आस्थालाई सेलाएर दुष्ट हृदयका नहुनु (हिब्रू ३:१२) भनेर उनी भन्दछन्। परमेश्वरमाथिको आस्थाको बुझाइमा बढ्दै जानु भनेर उनले तिनीहरूलाई प्रोत्साहन दिन्छन् (हिब्रू ५:११-६:३)। सङ्गति वा चर्चको भेलामा नियमितरूपमा सामेल हुनु अत्यन्तै जरुरी छ भनेर पनि उनले आफ्नो मन्तव्य व्यक्त गर्दछन् (हिब्रू १०:२५)। निचौडमा भन्नु पर्दा, सबै विश्वासीहरू एकजुट भएर अगाडि बढ्नु, एक आपसलाई उत्साहित गर्नु, प्रेमले परिचालित हुनु र असल कामहरू गर्नु साथै तिनीहरूको निम्ति स्वर्गमा रहेको पवित्रस्थानमा येशूले गरिरहनुभएको सेवा र उहाँलाई उचाल्नु भनेर लेखकले आफ्ना पाठकहरूलाई सुनाउँछन् (हिब्रू ८:१,२; हिब्रू १२:१-४)।

## ५. यी आखिरी दिनहरूमा

**विशेष गरेर समयलाई ख्याल गर्दै पावलले देहायका पदहरूमा के जोर दिइरहेका छन्? हेर्नुहोस्: हिब्रू १:२ "यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो।", हिब्रू ९:२६-२८ "२३ यदि स्वर्गीय कुराहरूका नमूनालाई शुद्ध पार्न यी विधिहरू चाहिए भने स्वर्गकै कुराहरूलाई शुद्ध पार्नु त अझ उत्तम बलिको आवश्यकता पर्‍यो। २४ ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नकल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ। २५ येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर**

महापवित्र स्थानभित्र प्रवेश गर्ने गर्दछन्। २६ नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। २७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।", हिब्रू १०:२५, ३६-३८ "२५ कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ।...३५ त्यसकारण आफ्नो यो भरोसा नत्याग, जसमा ठूलो इनामको प्रतिफल छ। ३६ परमेश्वरको इच्छा पूरा गर्न र प्रतिज्ञा गरिएको प्रतिफल प्राप्त गर्न तिमीहरूलाई स्थिर रहनु आवश्यक छ। ३७ किनकि अब एकै छिनमा, "आउनुहुनेचाहिँ आउनु नै हुनेछ, र बियाँलो गर्नुहुनेछैन। ३८ तर मेरो धार्मिक जनचाहिँ विश्वासद्वारा बाँच्नेछ, र यदि ऊ पछि हट्छ भनेता म उसँग खुशी हुनेछैनँ।" ३९ तर हामी पछि हट्ने र विनाश पारिनेहरूमध्येका होइनौं, तर विश्वास गरी बचाइएकाहरूमध्येका हौं।" र हिब्रू १२:२५-२८ "२५ होशियार बस, जो बोल्दैहुनुहुन्छ, उहाँलाई तिमीहरू इन्कार नगर। किनकि यदि पृथ्वीमा चेताउनी दिनुहुनेलाई इन्कार गर्नेहरू उम्केनन् भने स्वर्गबाट चेताउनी दिनुहुनेलाई अस्वीकार गऱ्यौं भने हामी कसरी उम्कन सक्छौं? २६ उहाँको सोरले त्यस बेला पृथ्वी काम्यो, तर अब त उहाँले यसो भनेर प्रतिज्ञा गर्नुभएको छ, "अझ एक पल्ट, पृथ्वी मात्र होइन, तर स्वर्गलाई समेत म हल्लाउनेछु।" २७ "अझ एक पल्ट" भन्ने वचनले यो देखाउँछ, कि हल्लाउन सकिने कुराहरू, अर्थात् सृष्टि भएका कुराहरू हटाइनेछन्, तर हल्लाउन नसकिने कुराहरू स्थिर रहनेछन्। २८ यसकारण हल्लाउन नसकिने राज्य पाएकोमा हामी कृतज्ञ होऔं। त्यसैले हामी भक्ति र भयसाथ परमेश्वरलाई ग्रहणयोग्य हुने आराधना चढ़ाऔं। २९ किनभने हाम्रा परमेश्वर भस्म पार्ने आगो हुनुहुन्छ।"

येशूका भक्तहरूलाई आफूले दिएको अर्तीमा प्रेरितले एउटा अत्यन्तै जरुरी सन्देश जोरदाररूपमा प्रस्तुत गर्दछन्: उनका पाठकहरू आखिर दिनहरूको सँघारमै जिइरहेकाछन् (हिब्रू १:२) र प्रतिज्ञाहरू पूरा हुनै लागेको छ (हिब्रू १०:३६-३८)। यो पनि घट्लाग्दो छ कि हिब्रूको पुस्तकभरि

पावलले आफ्ना पाठकहरूलाई मरुभूमिमा यात्रा गरिरहेका पौराणिक इस्राएलीहरूसँग तुलना गर्छन्। तिनीहरूपनि मरुभूमिमा यात्रा गर्ने क्रममा प्रतिज्ञा गरिएको देश कनानमा पस्न सिमानामा नै पुगेका थिए। त्यसलाई याद दिलाउँदै उनले भन्दछन्, "किनकि अब एकै छिनमा, 'आउनुहुनेचाहिँ आउनु नै हुनेछ र बियाँलो गर्नुहुनेछैन'" (हिब्रू १०:३७)। अनि तिनीहरूलाई उत्साहित बनाउँदै भन्दछन्: "तर हामी पछि हट्ने र विनाश पारिनेहरूमध्येका होइनौं, तर विश्वास गरी बचाइएकाहरूमध्येका हौं" (हिब्रू १०:३९)। परमेश्वरले प्रतिज्ञा गर्नुको भएको प्रतिज्ञाहरू पूरा हुनै लागेको बेलामा उहाँ जनहरू चुकेको ऐतिहासिक अनुभव गरेका थिए र त्यो कस्तो खतरा छ भनेर पावलले आफ्ना पाठकहरू र हामीलाई आफ्नो अन्तिम अर्तीमा याद दिलाउँछन्।

गन्तीको पुस्तकले यही कुराको चर्चा गर्दछ। प्रतिज्ञा गरिएको देशमा पुग्नु दुई पल्ट पुग्नु अघि इस्राएलीहरू उल्लेखनीयरूपमा हार खान पुगेका थिए। पहिलो हार गन्ती १३ र १४मा लेखिएको छ। इस्राएलीहरूलाई केही अगुवाहरूले प्रतिज्ञा गरिएको देशमा पस्न असम्भव छ भनेर हतोत्साह पारेका थिए। त्यसको फलस्वरूप परमेश्वरप्रतिको आस्था इस्राएलीहरूमा खस्किन पुगेको थियो। इस्राएलीहरूले नयाँ अगुवा चुनेर मिश्रदेश मै फर्किने निधो गरेका थिए। कनान देशमा पस्न लागेकै बेलामा तिनीहरू निरुत्साहित भएर फेरि मिश्र देशमै जाने सुरसार कसेका थिए।

दोस्रो पल्ट इस्राएलीहरू कामबासनामा लिप्त हुँदै वा डुब्दै स्थानीय देवता बाल पियोरलाई (गन्ती २४,२५) पूजा गर्ने फन्दामा परेका थिए। तिनीहरूको भविष्यवक्ता वा धर्मगुरु बेलामले इस्राएलीहरूलाई सराप्न राजाले उक्साएका थिए तर त्यो सफल भएन। तर सैतानले इस्राएलीहरूलाई फसाउन यौनक्रियाको जालोमा फसायो जसको फलस्वरुप तिनीहरूले झुठा वा मानवीय आविश्कारित देवतालाई पूजा गर्न उक्सायो र पापमा फसायो। तिनीहरू मातेर अश्लिल व्यवहारमा चम्के र बालकहरूलाई बलि दिने हिँस्रक धर्मको जालोमा परे। त्यसले परमेश्वरको क्रोध तिनीहरूमाथि बज्रेको थियो।

दुबै खतरादेखि होशियार हुन पावलले आफ्नो हिब्रूका पाठकहरूलाई चेतावनी दिन्छन्। पहिलो त तिनीहरूले स्वीकार गरेको आस्थालाई बलियोसँग पकडी राख्नु र तिनीहरूको आँखाहरूलाई येशूतिर लगाइरहनु भनेर उनले अर्ती दिन्छन् (हिब्रू ४:१४, हिब्रू १०:२३, हिब्रू १२:१-४)। दोस्रो, अनैतिक र लोभलालचमा फसेको कारण त्यसको विरोध गर्दै ती व्यवहार वा आचरणबाट

अलग हुन कडा अर्ती दिन्छन् (हिब्रू १३:४-६)। अन्तमा, तिनीहरूका अगुवाहरूको आदेश पालन गर्नु र जे ठिक छ सो गर्नु भनेर उनले निर्देशन दिन्छन् (हिब्रू १३:७,१७)।

**मानिस मरेपछि उसको अवस्था कस्तो हुन्छ भन्ने ज्ञान हामीलाई भएको अनुसार मृत्यमा हामी आँखा बन्द गर्छौं र अर्को निमेषमा येशूको दोस्रो आगमनमा आँखा खोल्नेछौं। यस परिप्रेक्ष्यमा सबै मानिसहरू आखिरी दिनहरूमा बाँचीरहेका छन् भन्ने धारणा अर्थपूर्ण हुन सक्छ?**

## उपसंहारः

**थप जानकारीः** देभिद ए. डिसिल्भाले सुरुका इसाईहरू किन सतावतमा परे भनेर स्पष्टरूपमा व्याख्या गर्दछन्: "इसाईहरूले त्यस्तो जीवनशैली अपनाएका थिए जुन तत्कालिन समाजले असमाजिक वा समाजको विरुद्धमा गएको र क्रान्तिकारी तथा विद्रोही ठानेका थिए। परम्पराले मानेका देवीदेवताहरूप्रति बफादार हुनु, विभिन्न पूजापाठ, चाडबाड र बलिप्रथा संस्कारहरूमा भाग लिएर धर्मात्मा देखाउनु भनेकै राज्य, शासक वर्ग, मित्र र परिवारहरूप्रति बफादार भएको चिन्ह थियो। समाजलाई स्थायित्वमा राखिराख्न र सामाजिक उन्नतीलाई थामी राख्न देवीदेवताहरूलाई पूजा गर्नु र तिनीहरूप्रति समर्पित भएर बस्नु आवश्यक मानिन्थ्यो। चलनचल्तीमा आएको धर्मप्रति आस्थावान हुनु नै असल नागरिकको पहिचान मानिन्थ्यो। जब इसाईहरू (यहूदीहरू पनि) ती संस्कारहरूबाट अलगिन जाँदा तिनीहरू कानुनको उल्लङ्घन गर्ने र साम्राज्यको विरुद्धमा जाने तत्वहरू हुन् भनेर तिनीहरूलाई नकारात्मक आँखाले हेर्दथे।"- पर्सभरेन्स इन ग्राटिट्युड (ग्राण्ड रापिड, मिशिगनः इर्डमानस, २०००), पृ. १२बाट रूपान्तरित।

"निराशाको बादलमा परिरहेकाहरूलाई यथोचित उपचार छ-त्यो हो, परमेश्वरमाथिको आस्था र विश्वासमा अडिग भएर बस्नु, प्रार्थना गर्नु र बेकाममा नबसी काममा सक्रिय हुनु। जब कोही आस्था र क्रियाकलापमा चल्छ तब तिनीहरूले आत्मविश्वास बढाउँछन् र दिनदिनै संतुष्ट हुने मामिलामा बढ्दै जान्छन्। जब तपाईं अत्यन्तै निराशको बादलमा पर्नुभएको समयमा चिन्तित हुँदै आफ्नो भावनामामात्र भरपर्ने मनस्थितिमा हुनुहुन्छ? अन्धकार समयमा र परिस्थिति कठोर भएको देखिएको बेलामा नडराउनुहोस्। परमेश्वरमा विश्वास गर्नुहोस्। तपाईंको आवश्यकता उहाँलाई थाहा छ। सबै

शक्ति उहाँको हातमा छ। उहाँको असिमित प्रेम र करुणा कहिल्यै पनि थाकिएको हुँदैन। उहाँले गर्नुभएको प्रतिज्ञामा उहाँ चिप्लनुहुनेछ र पूरा गर्नुहुनेछैन भन्ने कुराको डर नमान्नु होस्। उहाँ अनन्त सत्य हुनुहुन्छ। आफूलाई प्रेम गर्नुहुनेसँग गर्नुभएको करार उहाँले कहिल्यै पनि बदल्नुहुनेछैन। आफ्ना भरपर्दो र विश्‍वसनीय सेवकहरूको आवश्यकताको माग अनुसार तिनीहरूले धान्नसक्ने कार्यक्षमता उहाँले प्रदान गर्नुहुनेछ। यस मामिलामा प्रेरित पावलले आफ्नो गवाही यसरी दिन्छन्: '९ मलाई उहाँले भन्नुभयो, "मेरो अनुग्रह तिम्रो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ।" यसकारण ख्रीष्टको शक्ति ममा वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढ़ी खुशीसाथ गर्व गर्नेछु। १० यसकारण ख्रीष्टको खातिर दुर्बलताहरूमा, बदनामीहरूमा, कठिनाइहरूमा, सतावटहरूमा, आपद्‌हरूमा म सन्तुष्ट रहन्छु। किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु'" २ कोरिन्थी १२:९,१०।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्गस्,* पृ. १६४,१६५बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. **येशूप्रति समर्पित जीवन बिताएको कारणले "अलग" हुनु के सम्भव छ, र फेरि त्यसै समय अरूलाई वास्ता नगर्ने र अलग भएर बस्ने भन्ने जस्ता आरोपहरूबाट के पन्छिएर बस्न सकिन्छ?**

आ. **बाइबलमा अर्ती दिने भन्ने शब्दले उत्साह दिनु वा सच्याउनु भन्ने पनि अर्थ लाग्न सक्छ। निराश भएका मानिसहरूलाई सच्याएर कसरी उत्साहित बनाउने?**

इ. **हिब्रू पुस्तकका पाठकहरूको अनुभव र प्रकाश ३:१४-२२मा उल्लेख गरेको लेओडेकिया चर्चका विश्‍वासीहरूको अनुभवको बीचमा के समानता छ? दुई हजार वर्ष पछि, त्यही खालका अनुभव हामीमा कस्तो छ र ती समान अनुभवहरूबाट हामी के सिक्न सक्छौं?**

कथा १

सही बाटो भेट्टाइएको टिमोर-लेस्ट

मरियो डा कोस्टा, ४४



टिमोर-लिस्टमा ठूलो धार्मिक चाड भइरहेको थियो। सहरमा अत्यन्तै रमझम भइरहेको थियो। म पनि घोडा जात्रामा जान निर्णय गरें।

घोडा जात्रा हेर्न जाने बाटोमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च भएर जानुपर्दथ्यो। जब म हिंड्दै थिएँ तब मैले सुसमाचार काम गर्ने मारियाना मेरो पछि लागे। "यदि तपाईँसँग समय भए मसँग बाइबल अध्ययन गर्न चाहनुहुन्छ कि?" उनले सोधे। एडभेन्टिस्टहरूको घरमा केही दिन बाइबल अध्ययन गरेको थिएँ। तर मेरो आफ्नै चर्चले सिकाएको अनुसार तिनीहरूले पनि सिकाउने भएकोले म तिनीहरूको सङ्गतिमा जान छोडेको थिएँ। तर सुसमाचार प्रचारक मेरो पछि लागेकोले मेरो हृदयमा बाइबल अध्ययन गर्ने गहिरो इच्छा भयो। "हुन्छ तपाईँसँग म बाइबल अध्ययन गर्छु," मैले भनें। "मेरो घरमा तपाईँ आउनु आवश्यक छैन। म तपाईँकै घरमा घोडा जात्रा पछि आउँछु," मारियानोले भने। घोडा जात्रा सकेपछि मेरो घरमा सँगसँगै बाइबल अध्ययन गर्न थाल्यौं। हामी चार महिनासँगै बाइबल अध्ययन गर्यौं। त्यस बाइबलीय काम गर्नेसँग प्रत्येक साबथ चर्च जान थालें। तैपनि प्रत्येक आइतबार मेरै चर्चमा पनि गएँ। कुन दिनमा परमेश्वरको आराधना गर्ने त्यसको खास अर्थ मलाई लागेको थिएन। केही समयपछि एक जना एडभेन्टिस्ट सुसमाचार प्रचारक मेरो सहरमा आए। उनीसँग दानिएल र प्रकाश अध्ययन गरें। दानिएल ७:२५मा हामी पढ्यौं, "उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ।" घरमा गएर मैले फेरि त्यही पद पढें, " उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ।" यसलाई मैले सोचेको थिएँ कि यो सत्य थिएन। बाइबल बन्द गरेर म सुत्न खोजें।

एडभेन्टिस्टहरूले मलाई धोका पो दिन थालेको हो कि भनेर मैले सोच्न थालें। तिनीहरूको चर्चमा म आओस् भनेर त्यो पद मलाई देखाएको जस्तो मलाई लाग्यो। राती उठेर बत्ती बाल्दैं त्यो पद फेरि पढें, "उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ।" जब म ध्यान दिएर पढें तब मेरो चर्चले साबथ र व्यवस्थालाई परिवर्तन गरेको थियो भन्ने कुरामा म विश्वस्त भएँ।

पछि थाहाभयो कि पवित्र आत्माले मलाई सही बाटो हिँड्न अगुवाइ गर्दै हुनुहुन्थ्यो। तुरन्तै, मैले उपवास बस्न थालें र प्रार्थना गरें, "के शनिबार वा आइतबार कुन् सत्य साबथ हो? मेरो चर्च कि एडभेन्टिस्ट चर्च कुन सत्य चर्च हो?" एक हप्ता उपवास र प्रार्थना पछि मेरो चेतनामा एउटा आवाज आयो, "बाइबलमा के छ त्यो अनुसार चल।" अनि बाइबलमा नै देखाएको अनुसार परमेश्वरको बचन पालन गर्ने मैले निर्णय गरें। हरेक हप्ता चर्च गएतापनि पास्टरले मलाई बप्तिस्मा लिन अनुरोध गरेको थिएन। चर्चको सेवा पछि उनी र म मिलेर खाना खान्थ्यौं र बाइबलको बारेमा छलफल गर्थ्यौं। एक दिन साबथ स्कूल र चर्चको बीचमा मैले पास्टरसँग यो सोधें, "नयाँ मानिसहरूले बप्तिस्मा लिने दिन कहिले हो?" "त्यो बप्तिस्मा लिन चाहने मानिसको भरमापर्छ," उनले भने। "जब कोही बप्तिस्मा लिन चाहन्छ भने र तयार छ भने हामी बप्तिस्माको निम्ति तयार गर्छौं," उनले थपे। "यदि बप्तिस्मा कार्यक्रम हुन्छ भने म म बप्तिस्मा लिन चाहन्छु," मैले भनें। तुरन्तै पास्टरले मलाई अङ्गालोमार्यो। जब बप्तिस्माबाट हामी निस्क्यौं सबै जना खुशी भएर हाम्रा हातहरू समातेर अङ्गालो मारे। "परमेश्वरले तपाईंलाई बोलाउनुभएको छ," तिनीहरूले मलाई भने। जब मैले ती शब्दहरू सुनें, तब म रोएँ। मैले परमेश्वरको सही बाटो पहिल्याउन पाएको थिएँ।

*आज, मरियो बाइबल सिकाउने शिक्षक हुनुहुन्छ र उनको सक्रियतामा धेरै मानिसहरू* परमेश्वरको सही बाटोमा हिँडिरहेका छन्। उनको बाइबल अध्ययन दिने र पवित्र आत्मको अगुवाइमा चल्ने कदम जारी छ।